# मूल्य निर्धारण समिति गठन गर्न आशयपत्र दर्ता गर्ने सम्बन्धी सूचना

**प्रकाशित मिति २०८०/०५/०६**

श्री स्मार्ट टेलिकम प्रा.लि. लाई प्राधिकरणबाट मिति २०७०/०१/०२ मा प्रदान गरिएको आधारभूत टेलिफोन सेवाको अनुमतिपत्र (अनुमतिपत्र नं. BTSL-01) स्वतः खारेज भएकोले अनुमतिपत्र बहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३ को प्रावधान बमोजिम मूल्य निर्धारण समिति गठन गर्न यस अघि मिति २०८०/०१/२२, २०८०/०२/०५ र २०८०/०३/०८ मा प्रकाशित सूचना बमोजिम प्राप्त हुन आएका निवेदनहरु रितपूर्वक नभएकोले ति निवेदनहरु अस्वीकृत गरी तपसील बमोजिमको योग्यता तथा अनुभव भएका व्यक्तिहरुबाट १५ दिन भित्र सिलबन्दी आशयपत्र दर्ता गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना पुनः प्रकाशन गरिएको छ ।

**तपसिल**

| सि.नं. | पद | योग्यता | अनुभव |
|---|---|---|---|
| (क) | संयोजक | प्रचलित कानून बमोजिम सूचिकृत मूल्याङ्कनकर्ता (भ्यालुएटर) वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको शैक्षिक उपाधि हासिल वा मान्यता प्राप्त शैक्षिक संस्थाबाट व्यवस्थापन विषयमा कम्तीमा स्नातकोत्तर गरेको । | सम्बन्धित क्षेत्रमा कम्तीमा पन्ध्र वर्ष काम गरेको व्यक्ति । |
| (ख) | सदस्य | मान्यता प्राप्त शैक्षिक संस्थाबाट चार्टर्ड एकाउन्टेन्सीको शैक्षिक उपाधि हासिल गरेको । | चार्टर्ड एकाउन्टेन्सीको शैक्षिक उपाधि हासिल गरी कम्तीमा दश वर्ष लेखापरीक्षकको रुपमा काम गरेको व्यक्ति । |
| (ग) | सदस्य | प्रचलित कानून बमोजिम सूचिकृत सम्पत्ति मूल्याङ्कनकर्ता (भ्यालुएटर) र मान्यता प्राप्त शैक्षिक संस्थाबाट कम्तीमा स्नातक गरेको । | सम्पत्ति मूल्याङ्कनकर्ता (भ्यालुएटर) भई कम्तीमा दश वर्ष काम गरेको व्यक्ति । |
| (घ) | सदस्य | मान्यता प्राप्त शैक्षिक संस्थाबाट सूचना प्रविधि वा दूरसञ्चारसंग सम्बन्धित विषयमा कम्तीमा स्नातक गरेको । | सूचना प्रविधि वा दूरसञ्चारसंग सम्बन्धित क्षेत्रमा कम्तीमा दश वर्ष काम गरेको व्यक्ति । |
| (ङ) | सदस्य | मान्यता प्राप्त शैक्षिक संस्थाबाट कानून वा व्यवस्थापनको विषयमा कम्तीमा स्नातक गरेको । | कानून वा व्यवस्थापनको क्षेत्रमा कम्तीमा दश वर्षको कार्य अनुभव प्राप्त व्यक्ति । |

**आशयपत्र साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

१) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपी,

२) हस्ताक्षर सहितको व्यक्तिगत विवरण (Bio-Data),

३) व्यक्तिगत विवरण (Bio-Data) मा उल्लेख भए बमोजिमको योग्यता, शैक्षिक प्रमाणपत्र र कार्य अनुभवको पुष्टि हुने कागजात,

४) अनुमतिपत्र वहाल नरहेका दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ को नियम १३(२) बमोजिम स्मार्ट टेलिकम प्रा. लि. संग संलग्नता वा आवद्धता नरहेको भनी हस्ताक्षर गरी स्वःघोषणा गरेको कागजात ।

नोटः सि.नं.१ र ३ को हकमा नोटरी पब्लिकबाट प्रमाणित गरेको हुनुपर्दछ ।

**नेपाल दूरसञ्चार प्राधिकरण,**

**जमल, काठमाण्डौ,**

**पो.ब. नं : ९७५४**

**फोन नं: +९७७-१-५३५५४७४ फ्याक्स: +९७७-१-५३५५२५०**

**Email: ntra@nta.gov.np, info@nta.gov.np (mailto:info@nta.gov.np)**